बेलौरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

श्रीपुर, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्याः२०७७/७८
चलानी नं. १८३८

मितिः २०७७/१२/२६

विषयः अधिकार प्रत्यायोजन ।

श्री देवबहादुर चन्द
अधिकृत स्तर आठौं तह,
(शिक्षा तथा खेलकूद शाखा)
बेलौरी नगर कार्यपालिकाको कार्यालय, कञ्चनपुर ।

यस कार्यालयको मिति २०७७/१२/१७ गतेको निर्णय बमोजिम प्रत्यायोजित अधिकारहरूमा सामान्य संशोधन/ परिमार्जन गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (५) तथा बेलौरी नगरपालिकाको कार्य सम्पादन नियमावली, २०७४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी म मा निहीत देहाय बमोजिमका अधिकारहरू तपाईंलाई प्रत्यायोजन गरेकोछु । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही प्रत्यायोजित अधिकारहरूको प्रयोग गरी यस कार्यालयको सेवा प्रवाहलाई अझै चुस्त दुरुस्त र प्रभावकारी बनाउनु हुनेछ भन्ने अपेक्षा लिएकोछु ।

(नेत्रप्रसाद पौडेल
**प्रमुख प्रशासकीय अधिकृत**

देहाय
प्रत्यायोजित अधिकारहरू

१. शिक्षा प्रशासन सम्बन्धी निर्णय भएका विषयहरू सम्बन्धित निकायहरूमा पत्राचार गर्ने ।
२. शिक्षक सरूवा सम्बन्धमा कानून बमोजिम सहमति दिने/ सिफारिस गर्ने ।
३. सामाजिक विकास शाखा (शिक्षा तथा खेलकूद र स्वास्थ्य हेर्ने गरी) प्रमुखको रूपमा कार्य सम्पादन गर्ने ।
४. शिक्षा प्रशासन सम्बन्धमा पदाधिकारीहरूसँग समन्वय गर्ने ।
५. प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थितिमा निमित्त प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्ने ।
६. सामाजिक सुरक्षा भत्ता सम्बन्धमा सो कार्य गर्ने शाखाको सुपरीवेक्षकको रूपमा काम गर्ने
७. नियमानुसार प्रतिलिपी कागजातहरू प्रमाणिकण गर्ने ।
८. छात्रवृत्ति एवम् विद्यालय खेलकूद सम्बन्धमा निर्णयानुसार/ आदेशानुसारका कार्यहरू गर्ने ।
९. प्रमुख प्रशासकीय अधिकृतको आदेश तथा निर्देशानुसारका अन्य कार्यहरू गर्ने ।

**वोधार्थ**
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।



कार्यालय ठेगानाः बेलौरी नगरपालिका वडा नं. ४ श्रीपूर, कञ्चनपूर
Email: belaurimunicipality@gmail.com
website: www.belaurimun.gov.np

बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
श्रीपुर, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या: २०७७/७८
चलानी नं.

बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय श्रीपुर, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

श्री प्रमुखज्यू, बेलौरी नगरपालिका, कञ्चनपुर ।
श्री उपप्रमुखज्यू, बेलौरी नगरपालिका, कञ्चनपुर ।
श्री शाखाहरू (सबै), बेलौरी नगर कार्यपालिकाको कार्यालय, कञ्चनपुर ।
श्री वडा कार्यालयहरू (सबै), बेलौरी नगरपालिका, कञ्चनपुर ।


कार्यालय ठेगाना: बेलौरी नगरपालिका वडा नं. ४ श्रीपूर, कञ्चनपूर
Email: belaurimunicipality@gmail.com
website: www.belaurimun.gov.np

बेलौरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

श्रीपर कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्याः २०७७/७८

चलानी नं. १८३६

मितिः २०७७/१२/२६

विषयः अधिकार प्रत्यायोजन ।

**श्री सुशिला लेखक**

अधिकृत स्तर सातौं तह

(प्रशासन/योजना शाखा)

बेलौरी नगरपालिकाको कार्यालय, कञ्चनपुर ।

यस कार्यालयको मिति २०७७/१२/१७ गतेको निर्णय बमोजिम प्रत्यायोजित अधिकारहरूमा सामान्य संशोधन/ परिमार्जन गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (५) तथा बेलौरी नगरपालिकाको कार्य सम्पादन नियमावली, २०७४ को दफा २० ले दिएको अधिकार प्रयोग गरी म मा निहीत देहाय बमोजिमका अधिकारहरू तपाईंलाई प्रत्यायोजन गरेकोछु । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही प्रत्यायोजित अधिकारहरूको प्रयोग गरी यस कार्यालयको सेवा प्रवाहलाई अझै चुस्त दुरुस्त र प्रभावकारी बनाउनु हुनेछ भन्ने अपेक्षा लिएकोछु ।

(नेत्रप्रसाद पौडेल)

**प्रमुख प्रशासकीय अधिकृत**

देहाय

प्रत्यायोजित अधिकारहरू

१. आवश्यक सबै कानूनी प्रकृया पूरा गरी नयाँ घर निर्माणका लागि नक्सा पास सम्बन्धी शुरू कारवाही समेत नक्सा पासको प्रमाणपत्र जारी गर्ने, पुराना घरहरूको लागि अभिलेखीकरण सम्बन्धी प्रमाणपत्र जारी गर्ने तथा नक्सा पास सम्बन्धमा अन्य कार्यहरू गर्ने ।

२. कानून बमोजिम उपभोक्ता समितिको गठन भई वडा कार्यालयबाट सिफारिस भई आएका उपभोक्ता समितिहरूसँग वार्षिक योजना तथा कार्यक्रम, संघ र प्रदेश सरकारबाट प्रत्यायोजित योजना तथा कार्यक्रमहरू रूजु गराई सम्झौता गर्ने, योजना कार्यान्वयनको विभिन्न चरणमा प्राविधिक कर्मचारी समेतको संलग्नतामा अनुगमन, निरीक्षण गर्ने प्रवन्ध मिलाउने, योजना तथा कार्यक्रमहरूको अनुगमन समितिको अन्तिम अनुगमन पश्चात उपभोक्ता समितिको निर्णय, सार्वजनिक परीक्षण, प्राविधिक शाखाको बील, आवश्यक वील भरपाई समेत संलग्न राखी अन्तिम भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

३. नगर सभाबाट विनियोजित आयोजना तथा कार्यक्रमहरूको म्याद थप गर्नुपर्ने भएमा प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय गराई म्याद थप गर्ने ।



कार्यालय ठेगानाः बेलौरी नगरपालिका वडा नं. ४ श्रीपूर, कञ्चनपुर
Email: belaurimunicipality@gmail.com
website: www.belaurimun.gov.np

पत्र संख्या: २०७७/७८
चलानी नं.

४. वडा अध्यक्षबाट सिफारिस तथा फोटो प्रमाणित भई आएका उपभोक्ता समितिहरूको खाता उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी बैंकलाई सिफारिस गर्ने । उपभोक्ता समितिको निर्णय बमोजिम कानूनको विपरित नहुने गरी खाता बन्दको लागि सम्बन्धित बैंकलाई सिफारिस गर्ने ।

५. नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गत कार्यरत सहायक स्तरका कर्मचारीहरूको लागि ७ (सात) दिन सम्मको विदा स्वीकृत गर्ने ।

६. नगर सभा तथा नगर कार्यपालिकाको बैठकबाट भएका निर्णयहरू सम्बन्धित वडा कार्यालयहरू, शाखाहरू तथा सम्बद्ध निकाय र व्यक्तिहरूलाई जानकारीका लागि लेखी पठाउने ।

७. शिक्षा अधिकृतको अनुपस्थितिमा निजले सम्पादन गर्ने कार्यहरू समेत गर्ने ।

८. रोजगार संयोजक, कृषि विकास शाखा प्रमुख, सुकुम्बासी समस्या समाधान आयोगको इकाई प्रमुख, उद्योग शाखा, महिला तथा वालवालिका शाखा, सूचना प्रवधि अधिकृत तथा राजस्व शाखा प्रमुखहरूको Immediate Supervisor को रूपमा कार्य सम्पादन गर्ने ।

९. प्रशासन शाखा तथा योजना शाखाको प्रमुखको रूपमा कार्यसम्पादन गर्ने ।

१०. कार्यालयमा भएका सबै सवारी साधनहरूको संरक्षण गर्न लगाउने तथा तिनीहरूको उचित प्रयोग गर्न लगाउने ।

११. कार्यालयको निर्णय बमोजिम कर्मचारी प्रशासन अन्तर्गतका कार्यहरू गर्ने ।

१२. सबै शाखाहरू तथा अन्तर्गत कार्यरत जनशक्तिहरु बीच उच्च तहको समन्वय कायम गर्ने ।

१३. सुरक्षित आवास कार्यक्रमका लागि लाभग्राहीहरूसँग कानून बमोजिम सम्झौता गर्ने र भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

१४. नियमानुसार प्रतिलिपी कागजातहरू प्रमाणिकरण गर्ने ।

१५. आवश्यक कागजातहरू रूजु गरी कृषि सम्बन्धी समूह दर्ता गरी प्रमाणपत्र जारी गर्ने ।

१६. कार्यालयबाट प्रतिनिधित्व गर्नुपर्ने निकाय तथा कार्यालयहरूमा प्रतिनिधि तोक्दा प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गरी तोक्ने ।

१७. प्रमुख प्रशासकीय अधिकृतको तोक आदेश तथा निर्देश बमोजिमका अन्य कार्यहरू गर्ने ।

<u>वोधार्थ</u>

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।


कार्यालय ठेगानाः बेलौरी नगरपालिका वडा नं. ४ श्रीपुर, कञ्चनपुर
Email: belaurimunicipality@gmail.com
website: www.belaurimun.gov.np

बेलौरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

श्रीपुर,कञ्चनपुर

पत्र संख्या:२०७७/७८

चलानी नं.

बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय श्रीपुर, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

सुदूरपश्चिम प्रदेश, नेपाल

श्री प्रमुखज्यू, बेलौरी नगरपालिका, कञ्चनपुर ।

श्री उपप्रमुखज्यू, बेलौरी नगरपालिका, कञ्चनपुर ।

श्री शाखाहरू (सबै), बेलौरी नगर कार्यपालिकाको कार्यालय, कञ्चनपुर ।

श्री वडा कार्यालयहरू (सबै), बेलौरी नगरपालिका, कञ्चनपुर ।


कार्यालय ठेगानाः बेलौरी नगरपालिका वडा नं. ४ श्रीपूर, कञ्चनपूर

Email: belaurimunicipality@gmail.com

website: www.belaurimun.gov.np